NEW YORK CITY COMPTROLLER
BRAD LANDER

# आप्रवासी श्रमिक मार्गदर्शिका

(Nepali)



1 Centre Street
New York, NY 10007
(212) 669-3916
www.comptroller.nyc.gov
@NYCComptroller

SIGILLUM·CIVITATIS·NOVI·EBORACI

·1625·

# महालेखा परीक्षकको संदेश

न्यू योर्क सिटी संसारकै महान आप्रवासी शहर हो। ४०० वर्षभन्दा बढी समयदेखि नयाँ पुस्ताहरू यहाँ आएका छन् र न्यू योर्कवासी हुनुको अर्थ परिभाषित गरेका छन्: हामीले प्रयोग गर्ने शब्दहरू, हामीले खाने खानाहरू, हामी नाच्ने संगीत, हामीले माया गर्ने छर-छिमेकहरू।

आप्रवासी न्यू योर्कवासीहरूले नयाँ व्यवसायहरू सुरु गर्दै, हाम्रो शहर निर्माण गर्दै, हाम्रा समुदायहरूको हेरचाह गर्दै, र आफ्ना प्रतिभा तथा विशेषज्ञता हरेक उद्योगमा ल्याउँदै न्यू योर्क सिटीलाई सञ्चालन गर्दै आइरहेका छन् । तर, आप्रवासी कामदारहरूलाई धेरैजसो अनैतिक रोजगारदाताहरूले शोषण गर्दछन्। आप्रवासीहरूसँग सम्बन्धित अद्वितिय चुनौतीहरू, जस्तै आप्रवासी विरोधी भावना र भेदभाव, भाषा अवरोध र न्यू योर्क सिटीका सेवाहरू तथा सुरक्षासँग अपरिचित हुनु, यी कारणहरुले तिनीहरूलाई कार्यस्थलमा आफ्ना अधिकारहरु पाउन र स्थापित गर्न कठिन बनाउँछ।

जब शोषणकारी रोजगारदाताहरूले बोल्न डराउने र आफ्नो सुरक्षा हरु बारे जानकार नहुने आप्रवासी कामदारहरूको फाइदा उठाउछन, त्यति बेला सबै कामदारहरूको अधिकार नष्ट हुन्छ।

मेरो कार्यालयमा आप्रवासी कामदारहरूको लागि लड्नको लागि आफ्ना सबै उपकरणहरूको प्रयोग गर्न प्रतिबद्ध छौं। सन् २०२४ मा, हामीले दुई स्रोतहरू सार्वजनिक गर्यौं : रोजगारदाता उल्लङ्घन ड्यासबोर्ड (Employer Violations Dashboard)[1] जसले न्यू योर्क सिटीमा श्रम उल्लङ्घन गर्ने निजी रोजगारदाताहरूलाई उजागर गर्छ; र डर होइन, तथ्य,(Facts not Fear)[2]: कसरी आप्रवासीहरूलाई स्वागत गर्दा न्यू योर्क सिटीलाई फाइदा पुग्छ भन्ने बारे देश र न्यू योर्क सिटीमा आप्रवासीहरूको प्रभाव सम्बन्धी फैलिएका गलत धारणाहरू खण्डन गर्ने प्रतिवेदन। यस नयाँ आप्रवासी श्रमिक स्रोत मार्गनिर्देशिका (Immigrant Workers Resource Guide) मार्फत, हामी न्यून-तलब पाउने कागजातविहीन आप्रवासी कामदारहरूलाई असर गर्ने आधारभूत कार्यस्थल अधिकारहरूको जानकारी उपलब्ध गराउँछौं, साथै न्यू योर्क सिटीका पाँचै नगरमा आप्रवासी अधिकारहरू कायम राख्न लडिरहेका साझेदार संस्थाहरूको निर्देशिका पनि प्रदान गर्छौं।

सादर,



ब्राड ल्यान्डर

[1] यो लिंक हेर्नुहोस् *https://comptroller.nyc.gov/employer-violations/*
[2] यो लिंक हेर्नुहोस् *https://comptroller.nyc.gov/reports/facts-not-fear-how-welcoming-immigrants-benefits-new-york-city/*

# कामदार अधिकार निर्देशकको सन्देश

न्यू योर्क सिटी महालेखा परीक्षकको कार्यालय अन्तर्गत श्रम कानून तथा कामदार अधिकार ब्युरो, आप्रवासी कामदार स्रोत मार्गनिर्देशिका (Immigrant Workers' Resource Guide) प्रस्तुत गर्न पाउँदा गर्व महसुस गर्छ।

दुर्भाग्यवश, धेरैजसो अवस्थामा आफ्ना कार्यस्थल अधिकारहरूको सबैभन्दा गम्भीर दुरुपयोगको सामना गर्ने श्रमिकहरू आप्रवासी श्रमिकहरू हुन्छन्, जो आफ्ना अधिकारहरूबारे अनभिज्ञ छन् वा तिनलाई प्रयोग गर्न डराउँछन्। यस समस्यालाई रोक्नका लागि, हाम्रो कार्यालयले श्रमिकहरूलाई राज्य, संघीय, र स्थानीय कानुन अन्तर्गत उपलब्ध श्रम सुरक्षाहरूको बारेमा जानकारी दिन विभिन्न सचेतना कार्यक्रम र शिक्षा अभियानहरू सञ्चालन गर्छ। सरकारी निकायका साझेदारहरू र समुदायमा आधारित संस्थाहरूसँग सहकार्य गरेर, हाम्रो कार्यालयले श्रमिकहरूलाई स्रोतसाधनहरूसँग जोड्ने काम गर्छ, जसले उनीहरूलाई कार्यस्थलमा आफ्ना अधिकारहरू सुरक्षित गर्न सशक्त बनाउँछ।

आप्रवासी श्रमिक स्रोत मार्गनिर्देशिका (Immigrant Workers' Resource Guide) हाम्रो यसै प्रयासको संकलन हो। यस मार्गनिर्देशिका मा आधारभूत कार्यस्थल अधिकारहरूका साथै आप्रवासी श्रमिकहरूलाई सहायता र संरक्षण गर्न समर्पित संस्थाहरूको सूची समावेश छ। हामी सबै न्यू योर्क सिटीका श्रमिकहरू, जसमा आप्रवासीहरू पनि छन्, आफ्ना अधिकारहरू सुरक्षित रूपमा प्रयोग गर्न सक्षम बनून् भन्ने सुनिश्चित गर्न चाहन्छौं। हामी आशा गर्छौं कि यो मार्गनिर्देशिका ले तपाईंलाई उचित र सुरक्षित कार्यस्थलका लागि आवश्यक उपकरण र स्रोतहरू प्रदान गर्नेछ।

सादर,



क्लाउडिया हेनरिकेज
कामदार अधिकार निर्देशक

# सामग्रीहरू

महालेखा परीक्षकको संदेश ........ १
कामदार अधिकार निर्देशकको सन्देश ........ २
अध्यागमन तथा भन्सार प्रवर्तन (ICE)
संग कुरा गर्दा आफ्नो अधिकारको बारेमा जान्नुहोस्। ........ ४
रोजगारदाता उल्लङ्घन ड्यासबोर्ड:
के मेरो रोजगारदाताले कानुन उल्लङ्घन गरे? ........ ७
श्रम सुरक्षा ........ ८
न्यूनतम ज्याला ........ ९
प्रचलित ज्याला ........ ११
टाइमसिट ट्र्याकर ........ १२
संगठित हुने र सामूहिक सम्झौता गर्ने अधिकार ........ १३
संस्थाहरूको सूची ........ १६

अस्वीकरण

कृपया ध्यान दिनुहोस्: यस गाइडमा दिइएको जानकारी कानुनी सल्लाह होइन र यसलाई कानुनी सल्लाहको रूपमा भर पर्नु वा प्रयोग गर्नु हुँदैन। यो गाइड आप्रवासी कामदारहरूको लागि एउटा संक्षिप्त स्रोत हो, जसलाई शैक्षिक सामग्रीको रूपमा सन्दर्भ गर्न सकिन्छ, र यो केवल जानकारीको उद्देश्यका लागि मात्र हो।

# अध्यागमन तथा भन्सार प्रवर्तन (ICE) संग कुरा गर्दा आफ्नो अधिकारको बारेमा जान्नुहोस्।

कागजातबिहीन कामदारहरूले कार्यस्थलका अधिकार बाहेक, आप्रवासन तथा सीमाना सुरक्षा (ICE) वा अन्य संघीय आप्रवासन अधिकारीहरू घरमा वा कार्यस्थलमा आएमा आफ्ना अधिकारबारे पनि जानकार हुनुपर्छ।

**के न्युयोर्क सहरका निकायहरूले अध्यागमन तथा भन्सार प्रवर्तन (ICE) सँग समन्वय गर्छन्?**

न्युयोर्क सहरका स्थानीय कानुनहरू अन्तर्गत, न्युयोर्क सहरका सरकारी निकायहरू जस्तै न्युयोर्क सहर प्रहरी विभाग (New York City Police Department, NYPD) ले सीमित परिस्थितिहरू बाहेक अध्यागमन तथा भन्सार प्रवर्तन (ICE) सँग सहकार्य गर्दैनन्। सहरका निकायहरूले सामान्यतया तपाईंको अध्यागमन स्थितिको बारेमा सोध्दैनन् र तपाईंको व्यक्तिगत जानकारी अध्यागमन प्रवर्तन (ICE) का अधिकारीहरू सँग साझा गर्दैनन्। तपाईंको अध्यागमन स्थिति जेसुकै भए पनि, तपाईंले सहरका अधिकांस सेवाहरू र स्रोतहरू प्राप्त गर्न सक्नुहुन्छ।

**अध्यागमन तथा भन्सार प्रवर्तन (ICE) कहिले मेरो कार्यस्थलमा प्रवेश गर्न सक्छ?**

अध्यागमन तथा भन्सार प्रवर्तन (ICE) वारन्ट बिना तपाईंको कार्यस्थलको सार्वजनिक क्षेत्रमा प्रवेश गर्न सक्छ। तर, न्यायिक वारन्ट (न्यायाधीश वा मजिस्ट्रेटले हस्ताक्षर गरेको) वा रोजगारदाताको अनुमति बिना कार्यस्थलको निजी क्षेत्रमा कानुनी रूपमा प्रवेश गर्न सक्दैन। निजी क्षेत्रहरू भन्नाले सर्वसाधारणले प्रवेश गर्न नपाउने ठाउँहरूलाई जनाउँछ, जस्तै बिश्राम कोठा (Break Room) वा भण्डारण कोठा (Storage Space)।

**यदि अध्यागमन तथा भन्सार प्रवर्तन (ICE) को एजेन्ट मेरो काममा म तिर आएमा मेरा अधिकारहरू के-के हुन्?**

१. अध्यागमन तथा भन्सार प्रवर्तन (ICE) अधिकारीसँग कुराकानी गर्दा तपाईंलाई मौन रहने अधिकार छ।

२. यदि ICE अधिकारीले तपाईंको गोजी वा सामान तलासी गर्न खोजे भने, तपाईं "म तलासी गर्न अनुमति दिन्न" भनेर स्पष्ट रूपमा भन्न सक्नुहुन्छ।

३. यदि ICE अधिकारीले तपाईंलाई नियन्त्रणमा लिन अघि बढ्छ भने, तपाईं अधिकारीलाई आफ्नो कुनै पनि स्वास्थ्य आवश्यकताको बारेमा जानकारी दिन सक्नुहुन्छ, वा तपाईंलाई बच्चाहरू वा तपाइँ संग आश्रित वयस्कहरूको हेरचाहको व्यवस्था गर्न आवश्यक छ भने त्यसबारे भन्न सक्नुहुन्छ।

४. तपाईं ICE संग हुने कुनै पनि कुराकानी वा सुनुवाइका क्रममा आफ्नो मातृभाषा अनुवादको लागि अनुरोध गर्न सक्नुहुन्छ।

५. तपाईंलाई कुनै पनि कागजातमा हस्ताक्षर गर्नु अघि वा कुनै प्रश्नहरूको उत्तर दिनुअघि, वकिलसँग कुरा गर्ने अधिकार छ।

यदि अध्यागमन तथा भन्सार प्रवर्तन (ICE) का एजेन्टहरू मेरो घरमा आएमा मैले के गर्न सक्छु?

६. १. शान्त रहनुहोस्। तपाईंलाई वारेन्ट नदिएसम्म तपाइले ढोका खोल्न जरुरि छैन । तपाईंले ढोका खोले पनि, तपाईंले ICE लाई भित्र आउने अनुमति दिनुभएको मानिँदैन। तपाईंलाई ढोकाबाट नै कुरा गर्ने अधिकार छ। उनीहरूसँग तपाईंको निवासमा रहेको व्यक्ति र/वा तपाईंको ठेगानामा खोजी गरिने क्षेत्रहरू उल्लेख भएको न्यायिक खोजी वारेन्ट वा गिरफ्तारी वारेन्ट (judicial search warrant or arrest warrant) नभएसम्म तपाईंले अध्यागमन एजेन्टहरूलाई आफ्नो घरभित्र प्रवेश गर्न दिनु पर्दैन ।

२. जब एजेन्टहरू ढोकामा हुन्छन्, तपाईंलाई निम्न प्रश्नहरू सोध्ने अधिकार छ (वा आफ्नो घरको कुनै तोकिएको व्यक्तिलाई सोधन लगाउन सक्नुहुन्छ):

क. के उनीहरू अध्यागमन एजेन्टहरू हुन्?

ख. उनीहरू तपाईंको घरमा किन आएका हुन्?

ग. के उनीहरूले झ्याल वा ढोकाको सानो प्वाल बाट आफ्नो ब्याज वा परिचयपत्र देखाउन सक्छन्?

घ. के उनीहरूसँग न्यायाधीशले हस्ताक्षर गरेको वारेन्ट छ? यदि उनीहरूले छ भन्छन् भने, तपाईंले त्यसलाई ढोकामुनिबाट पठाउन वा तपाईंले देख्न सक्ने गरी झ्यालमा देखाउन अनुरोध गर्न सक्नुहुन्छ।

३. उनीहरूसँग वारेन्ट भए पनि, तपाईंलाई मौन रहने अधिकार छ।

४. झूट नबोल्नुहोस् वा कुनै पनि गलत कागजातहरू नदिनुहोस्। तपाईंले पहिले वकिलसँग कुरा नगरिकन कुनै पनि कुरामा हस्ताक्षर गर्नुपर्दैन।

यदि अध्यागमन तथा भन्सार प्रवर्तन (ICE) को एजेन्टले मलाई सार्वजनिक स्थानमा वा हिँडिरहेको बेला रोकेमा मेरा अधिकारहरू के-के हुन्?

१. शान्त रहनुहोस्। नभाग्नुहोस्, वादविवाद नगर्नुहोस्, या एजेन्टलाई अवरोध नपुर्‌याउनुहोस्। आफ्ना हातहरू उनीहरूले देख्न सक्ने गरी माथि राख्नुहोस्।

२. तपाईंलाई मौन रहने अधिकार छ। यदि तपाईं त्यो अधिकार प्रयोग गर्न चाहनुहुन्छ भने, ठूलो स्वरले त्यसो भन्नुहोस्।

३. तपाईंले तपाई कहाँ जन्मनुभएको थियो, तपाईं अमेरिकी नागरिक हुनुहुन्छ वा हुनुहुदैन , वा तपाईं कसरी देशमा प्रवेश गर्नुभयो भन्ने बारेमा प्रश्नहरूको जवाफ दिनु पर्दैन।

४. कारमा, चालक र यात्रु दुवैलाई मौन रहने अधिकार छ। यदि तपाईं यात्रु हुनुहुन्छ भने, तपाईंले त्यहाँबाट स्वतन्त्र रुपमा जान सक्छु कि सक्दिन भनेर सोध्न सक्नुहुन्छ। यदि अधिकारीले हुन्छ भन्छ भने, तपाईं शान्तपूर्वक त्यहाँबाट जान सक्नुहुन्छ।

म मेरो अधिकारबारे थप जानकारी कहाँ प्राप्त गर्न सक्छु?

तपाईं मेयरको आप्रवासी मामिला कार्यालय (Mayor's Office of Immigrant Affairs) बाट निःशुल्क र विश्वसनीय सहरि कोष बाट संचालित कानुनी सेवाप्रदायक (city-funded legal services )हरूसँग जोड्न सक्नुहुन्छ। यसका लागि तपाईंले ८००-३५४-०३६५ मा फोन गर्न सक्नुहुन्छ वा सोमबारदेखि शुक्रबारसम्म बिहान ९ बजेदेखि बेलुका ६ बजेसम्म ३११ मा फोन गरेर "Immigration Legal" भन्न सक्नुहुन्छ।

थप जानकारीका लागि, मेयरको अध्यागमन मामिला कार्यालय को "Know Your Rights: Federal Immigration Enforcement" वेबसाइट मा गई हेर्नुहोस।[3]

[3] यो लिंक हेर्नुहोस *https://www.nyc.gov/site/immigrants/legal-resources/know-your-rights-federal-immigration-enforcement-ice.page*

# रोजगारदाता उल्लङ्घन ड्यासबोर्ड: के मेरो रोजगारदाताले कानुन उल्लङ्घन गरे?

न्यूयोर्क सिटी महालेखा परीक्षकको रोजगारदाता उल्लङ्घन ड्यासबोर्ड पारदर्शिता र जिम्मेवारी सुनिश्चित गर्ने पहिलो उपकरण हो। यसले संघीय, राज्य, र सिटी सरकारका निकायहरू अनुसार पाँचवटा क्षेत्रहरूमा भएका कार्यस्थल उल्लङ्घनहरू पत्ता लगाउँछ र विश्लेषण गर्छ। तपाईं २०२० देखि २०२४ सम्म तपाईंको रोजगारदाताले कुनै कानुन उल्लङ्घन गरेको छ कि छैन भनेर खोजी गर्न सक्नुहुन्छ।

यस ड्यासबोर्डमा समावेश गरिएका कामदार संरक्षण सम्बन्धी कानुनहरू येसप्रकार छन्:

- सुरक्षित र स्वस्थ कार्यस्थलहरू
- काम गरेको सबै घण्टाको उचित तलब
- कामदार संगठन र संघ गठनमा अवैध हस्तक्षेपबाट मुक्त अधिकार
- भेदभाव र दुर्व्यवहारबाट मुक्त कार्यस्थलहरू
- तलबसहितको सुरक्षित बिदा र बिरामी बिदा
- फास्ट फुड, खुद्रा तथा उपयोगिता सेवा क्षेत्रमा काम गर्नेहरूका लागि न्यायोचित कार्य हप्ता
- सार्वजनिक निर्माण परियोजनामा प्रचलित तलब

नयाँयोर्क सिटीमा २०२३ देखि नगर, राज्य, र संघीय श्रम कानुनअनुसार तपाईंको रोजगारदाताको रेकर्ड हेर्न, तलको QR कोड स्क्यान गर्नुहोस् वा

https://comptroller.nyc.gov/employer-violations मा जानुहोस्।

# श्रम सुरक्षा

न्यू योर्क सिटीमा देशकै सबैभन्दा बलियो श्रम सुरक्षा कानुनहरू छन्।

न्यू योर्क सिटीका श्रम कानुनहरू तपाईंको अध्यागमन स्थितिको प्रवाह नगरी सबै कामदारहरूमा लागू हुन्छन्। राज्यभर लागू हुने न्यूनतम ज्याला र ओभरटाइम कानून नहरूका अतिरिक्त, न्यु योर्क सिटीले सबै कामदारहरूलाई सुरक्षित र बिरामी बिदा प्रदान गर्न रोजगारदाताहरूलाई अनिवार्य गरेको छ। साथै, न्यू योर्क सिटीमा निश्चित उद्योगहरूमा कामदारहरूका लागि विशेष सुरक्षाको व्यवस्था गरिएको छ। उदाहरणका लागि, अन्य अधिकारहरूसँगै, एप-आधारित डेलिभरी कामदारहरूलाइ न्यूनतम पारिश्रमिक पाउने अधिकार छ, र फास्ट-फुड कामदारहरूलाई कुनै वैध कारणबिना निकाल्न पाइँदैन।

न्यू योर्क सिटीका श्रम सुरक्षाहरू "श्रमिक अधिकार विधेयक" मा विस्तृत रूपमा उल्लेख छन्। यो मार्गनिर्देशिका ले न्यू योर्क सिटीमा सहर र राज्यका निकायहरूले कार्यान्वयन गर्ने सबै श्रमिक सुरक्षा कानून नहरू एकै ठाउँमा प्रस्तुत गर्छ। यसलाई न्यू योर्क सिटी उपभोक्ता तथा श्रमिक संरक्षण विभाग (DCWP) द्वारा तयार गरिएको हो।तपाईं श्रमिक अधिकार विधेयक हेर्नको लागि न्यू योर्क सिटी उपभोक्ता तथा श्रमिक संरक्षण विभागको वेबसाइटमा जान सक्नुहुन्छ।[४]

[4] यो लिंक हेर्नुहोस् *https://www.nyc.gov/site/dca/workers/workersrights/know-your-worker-rights.page*

## न्यूनतम ज्याला

न्यू योर्क सिटीको न्यूनतम ज्याला दर राज्य कानूनद्वारा निर्धारण गरिन्छ र न्यू योर्क राज्य श्रम विभाग (NYS DOL) द्वारा कार्यान्वयन गरिन्छ जस अनुसार:

**२०२५ मा : प्रति घण्टा $१६.५०**
**२०२६ मा : प्रति घण्टा $१७.००**

यो तलब दर सबै कामदारहरूमा उनीहरुको अध्यागमन स्थिति (immigration status) को प्रवाह नगरिकन सबैमा समान लागू हुन्छ, र यसको मतलब कुनै पनि कामदारलाई उसले काम गरेको प्रत्येक घण्टाको न्यूनतम ज्याला भन्दा कम भुक्तानी गर्न पाइँदैन भन्ने हो ।कामदार पूर्ण-समय (प्रति हप्ता ४० घण्टा) काम गरेपनि वा सो भन्दा कम (४० घण्टाभन्दा कम) काम गरेपनि, यो कुराले केहि फरक पर्दैन। दुवै अवस्थामा, तिनीहरूले कम्तीमा न्यूनतम घण्टाको ज्याला पाउनै पर्छ।

कुनै-कुनै उद्योगमा, न्यूनतम ज्याला दर उच्च वा न्यून हुन सक्छ। थप विवरणका लागि, न्यू योर्क राज्य श्रम विभाग (NYS DOL)[५] को वेबसाइट मा गई न्यूनतम ज्यालासम्बन्धी जानकारी प्राप्त गर्नुहोस्। साथै, NYS DOL ले हरेक उद्योगका लागि घण्टाको दर खोज्न अनलाइन उपकरण पनि उपलब्ध गराएको छ।[६]

धेरैजसो गैर-तलब (non-salaried) कर्मचारीहरूको लागि, हप्तामा ४० घण्टाभन्दा बढी काम गरेमा ओभरटाइम घण्टाको लागि नियमित तलब दरको डेढ गुणा (१.५ गुणा) भुक्तानी गरिन्छ।[७] उदाहरणका लागि, प्रति घण्टा $१७.०० कमाउने कामदारलाई प्रति ओभरटाइम घण्टा $२५.५० ($१७.०० x १.५) भुक्तानी गरिनु पर्छ।

रोजगारदाताहरूले कर्मचारीहरूलाई निम्न विवरणहरू उपलब्ध गराउनै पर्छ:

- नयाँ नियुक्ति हुँदा तलब सूचना (pay notice)[8]; र
- हरेक तलब भुक्तानीको दिन विस्तृत तलब विवरण [९](pay stub)

---

[5] यो लिंक हेर्नुहोस् *https://dol.ny.gov/minimum-wage-0*
[6] यो लिंक हेर्नुहोस् *https://ux.labor.ny.gov/minimum-wage-lookup/*
[7] यो लिंक हेर्नुहोस् *https://ag.ny.gov/resources/individuals/workersrights/wages-pay*
[8] यो लिंक हेर्नुहोस् *https://dol.ny.gov/notice-pay-rate*
[9] यो लिंक हेर्नुहोस् *https://dol.ny.gov/system/files/documents/2024/12/ls49.pdf*

न्यूनतम ज्यालासम्बन्धी काल्पनिक परिदृश्य

जुनी ज्याक्सन हाइट्सको एउटा सानो सैलुनमा भर्खरै काम गर्न थालेकी एक नयाँ नेल टेक्निसियन हुन्। उनी हप्तामा २५ घण्टा काम गर्छिन्। जुनीको रोजगारदाताले उनलाई ग्राहक उनको अगाडि बसेको बेलाको मात्र पैसा दिने बताएका थिए। उनको पहिलो दुई हप्ताको अन्त्यमा, जुनी प्रत्येक हप्ता २५ घण्टा सैलुनमा थिइन् र उनले अन्य टेक्निसियनहरूलाई सहयोग गरेकी थिइन्, पसल सफा गरेकी थिइन्, आफ्नो रोजगारदाताको लागि कामहरू गरेकी थिइन्, र जम्मा २० जना ग्राहकलाई सेवा गरेकी थिइन्। जुनीको रोजगारदाताले उनलाई जम्मा $३३० ($१६.५० x २० ग्राहक) भुक्तानी गरे। के जुनीलाई कानुनी रूपमा उचित क्षतिपूर्ति दिइएको छ?

- छैन! जुनीलाई कानुनी रूपमा उचित क्षतिपूर्ति दिइएको छैन। उनको रोजगारदाताले उनले ग्राहकलाई सेवा दिएको समयको मात्र पैसा दिएका छन्। सन् २०२५ मा, न्यूनतम ज्याला कानुन अनुसार जुनीलाई प्रति ग्राहक नभई प्रति घण्टा $१६.५० भुक्तानी गर्नुपर्छ। जुनीलाई प्रत्येक हप्ता काम गरेको २५ घण्टाको लागि $१६.५० का दरले क्षतिपूर्ति दिनुपर्छ। उनको दुई हप्ताको कुल तलब $८२५.०० हुनुपर्छ।

यदि तपाईंलाई आफ्नो रोजगारदाताले न्यूनतम ज्याला कानुन उल्लङ्घन गरिरहेको जस्तो लाग्छ भने, तपाईंले न्युयोर्क राज्य श्रम विभाग (New York State Department of Labor, NYS DOL) मा उजुरी दर्ता गर्न सक्नुहुन्छ। भुक्तानी नभएको ज्यालाको लागि कसरी दाबी गर्ने भन्ने बारे थप जानकारीको लागि, तपाईंले न्युयोर्क राज्य श्रम विभागको वेबसाइट https://dol.ny.gov मा जान सक्नुहुन्छ वा (८८६) ४६९-७३६५ मा कल गर्न सक्नुहुन्छ।[10]

[10] यो लिंक हेर्नुहोस् *https://dol.ny.gov/unpaidwithheld-wages-and-wage-supplements*

# प्रचलित ज्याला

"प्रचलित ज्याला" भन्नाले केही सार्वजनिक रूपमा वित्त पोषित कार्यहरूमा लागु हुने ज्याला तथा लाभदर लाई जनाउँछ। यसमा निम्न कार्यहरू समावेश छन्:

- सार्वजनिक निर्माण परियोजनाहरू जस्तै विद्यालय, सडक, र पार्कहरूको निर्माण, जुन सिटी सरकारद्वारा वित्त पोषित हुन्छ।

- भवन सेवा कार्य, जस्तै सफाइ कर्मचारीहरू (cleaners) र ढोका राख्ने व्यक्तिहरू (doorpersons), जसले सिटी एजेन्सीहरूसँग ठेक्का (contract) मार्फत काम गर्छन् वा कर लाभ प्राप्त गर्ने साइटहरूमा कार्यरत छन्।

- सिटी सरकारका ठेक्कामा आधारित निश्चित सेवाहरू, जस्तै खाद्य सेवा (food services) र अस्थायी सेवा (temporary services) छन् ।

- सिटी-ठेक्काको आधारमा घरविहीन आश्रयहरू (homeless shelters) मा सुरक्षा गार्डको काम।

प्रचलित ज्याला तथा लाभदर न्यू योर्क सिटी महालेखा परीक्षकको कार्यालय (Comptroller's Office) द्वारा निर्धारण र कार्यान्वयन गरिन्छ। यी ज्याला दरहरू निजी क्षेत्रमा कार्यरत यू नियन कामदारहरूको ज्यालाको आधारमा तय गरिन्छ र सामान्य रूपमा न्यूनतम ज्यालाभन्दा धेरै उच्च हुन्छ। उदाहरणका लागि, यदि कुनै रोजगारदातासँग सिटी सरकारसँगको विद्यालय निर्माण गर्ने वा कर छुट प्राप्त गर्ने कुनै भवनमा मर्मत सम्भार सेवा प्रदान गर्ने ठेक्का छ भने, ती कामदारहरूलाई प्रचलित ज्याला दरमै तलब दिनुपर्ने हुन्छ। गरिएको कामको प्रकारको आधारमा, कतिपय विशेषीकृत व्यावसायिक सीपहरु (specialized trades) भएका को लागि, प्रचलित ज्याला प्रति घण्टा $१०० सम्म पनि हुन सक्छ।

प्रचलित तलब दर संगसंगै , कानुनअनुसार कामदारहरूले थप रकम पूरक लाभ(supplemental benefit)को रूपमा पाउनुपर्छ। यी लाभहरू पेन्सन वा स्वास्थ्य बीमा वा नगद भत्ता जस्ता वास्तविक सुविधाहरूको रूपमा हुन सक्छ। रोजगारदाताले तिर्नुपर्ने लाभको रकम महालेखा परीक्षक (Comptroller) को प्रचलित तलब तालिकामा उल्लेख गरिएको हुन्छ। यी अधिकारहरू उनिहरूको अध्यागमन स्थिति जे भए पनिसबै कामदारहरूलाई लागू हुन्छ।[११]

यदि तपाइलाई, तपाईंको रोजगारदाताले प्रचलित ज्याला कानून उल्लङ्घन गरिरहेको छ भन्ने लाग्छ भने : न्यू योर्क सिटी महालेखा परीक्षकको

[11] यो लिंक हेर्नुहोस *https://comptroller.nyc.gov/services/for-the-public/workers-rights/wage-schedules/*

कार्यालय (New York City Comptroller's Office) मा अनलाइन गुनासो फारम (online complaint form)[१२] भरी गुनासो दर्ता गर्न सक्नुहुन्छ। यदि तपाईंलाई कुनै प्रश्न छ भने, हाम्रो कार्यालयमा (२१२) ६६९-४४४३ मा फोन गरि प्रश्न गर्नसक्नुहुन्छ।

महत्वपूर्ण जानकारी! यदि तपाईंलाई तपाईंको तलब चोरी भएको आशंका छ वा चोरि भएको थाहा पाउनुभएको छ भने, तुरुन्तै कदम चाल्नुहोस्। न्यूयोर्क सिटी महालेखा परीक्षकको कार्यालयको श्रम कानून ब्युरो ले केवल उजुरी दर्ता गरिएको मितिबाट दुई वर्षअघि सम्मको मात्र अनुसन्धान गर्न सक्छ। उदाहरणका लागि, यदि तपाईंले नोभेम्बर २०२५ मा उजुरी दर्ता गर्नुभयो भने, तपाईंले त्यसअघि पनि उल्लङ्घनको सामना गर्नुपरेको भए पनि ब्युरोले नोभेम्बर २०२३ सम्म मात्र अनुसन्धान गर्न सक्छ।

प्रचलित ज्याला र श्रमिक अधिकारहरूबारे थप जानकारीका लागि न्यूयोर्क सिटी महालेखा परीक्षकको कार्यालयको वेबसाइट मा गई हेर्नुहोस।[१३]

## टाइमसिट ट्र्याकर

तपाईं आफ्नो रोजगारदाताको विवरणको रेकर्ड राखी र आफ्नो काम गरेको घन्टाको हिसाब राखी, तलब चोरी (wage theft) र अन्य कार्यस्थल उल्लङ्घनहरू बाट आफू लाई जोगाउन सक्नुहुन्छ।

समय र अभिलेख राख्ने प्रणाली मा आफ्नो काम गरेको घण्टा लेखेर राख्दा, तपाईंले आफूले काम गरेको समय र प्राप्त गरेको पारिश्रमिकको तुलना गर्न सक्नुहुन्छ। तपाईंले प्रत्येक कार्य घण्टाको लागि उचित तलब पाउनु भएको छ कि छैन, र यदि हप्ताको ४० घण्टाभन्दा बढी काम गरेको भए ओभरटाइम तलब दिइएको छ कि छैन भन्ने पुष्टि गर्न सक्नुहुन्छ।

कामदारहरूले रोजगारदाताको नाम र सम्पर्क विवरणको रेकर्ड राख्न अति आवश्यक छ। केहि अवस्थामा, सुपरभाइजर वा म्यानेजर सोहि कम्पनी, एजेन्सी, वा व्यवसाय मालिकभन्दा भिन्न व्यक्तिले तपाइलाई काम मा लगाएको हुन सक्छ। यदि रोजगारदाताले तपाईंलाई कामको तलब दिएन भने, तपाईंलाई भुक्तानीको माग गर्नको निम्ति कुनै कदम चाल्न उनीहरूको नाम र सम्पर्क विवरण आवश्यक पर्छ। यदि रोजगारदाताले आफ्नो सम्पर्क जानकारी दिन अस्वीकार गर्छ भने, तपाईं तिनीहरूको सवारी साधनको लाइसेन्स प्लेट नम्बर लेख्न सक्नुहुन्छ, यसलाई मालिकको पहिचान खुलाउनको लागि प्रयोग गर्न सकिन्छ।

[12] यो लिंक हेर्नुहोस *https://comptroller.nyc.gov/services/for-the-public/workers-rights/file-a-complaint/*
[13] यो लिंक हेर्नुहोस *https://comptroller.nyc.gov/services/for-the-public/workers-rights/overview/*

कुनै-कुनै उद्योगहरूमा, विभिन्न स्थानहरूमा गएर काम गर्नुपर्ने हुन सक्छ। आवश्यक भएमा, काम गर्ने ठाउको ठेगाना लगाएत जानकारी रेकर्ड गर्नुहोस्। यदि रोजगारदाताले ठेगाना दिन मानेन भने, नजिकका सडक चिन्हहरू र चिनारी स्थानहरूको फोटो लिन सक्नुहुन्छ, जसले तपाइले काम गर्ने स्थान पत्ता लगाउन मद्दत गर्न सक्छ।

यो संगसंगै, संयुक्त राज्य श्रम विभाग (US DOL) सँग एक टाइमशीट एप (Timesheet app)[१४] छ, जसलाई कामदारहरूले आफ्नो काम गर्ने घण्टा ट्र्याक गर्नका लागि आफ्नो फोनमा प्रयोग गर्न सक्छन्।

## संगठित हुने र सामूहिक सम्झौता गर्ने अधिकार

संघीय श्रम कानुन अन्तर्गत, अधिकांश कामदारहरूलाई एकजुट भइ राम्रो काम गर्ने अवस्था बनाउनको लागि कार्यस्थलमा संगठित हुने अधिकार छ। नेशनल लेबर रिलेसन्स एक्ट (NLRA) ले कामदारहरूको जानकारी साझा गर्ने, निवेदनमा हस्ताक्षर गर्ने, र संघ गठन गरेर कार्यस्थलको अवस्था सुधार गर्ने अधिकारलाई रक्षा गर्छ। रोजगारदाताले राम्रो तलब, सुरक्षित कार्यस्थल, वार्ता प्रतिनिधिको को लागि संघ (युनियन) बनाउने वा नबनाउने निर्णय गर्ने, वा सामूहिक सम्झौता वार्तामा संलग्न हुने जस्ता सामूहिक प्रयासहरूमा भाग लिएको भन्दै तपाईंलाई प्रतिशोध गर्न सक्दैन।

रोजगारदाता र संघहरूले नेशनल लेबर रिलेसन्स एक्ट (NLRA) अन्तर्गत आफ्नो अधिकार प्रयोग गर्ने कामदारहरूलाई रोक्न वा दबाब दिन सक्दैनन्।संघबद्ध कार्यस्थलमा, जहाँ अधिकांश कामदारहरूले संघ गठन गर्न मतदान गर्छन्, रोजगारदाता र संघ दुवै रोजगारीका नियम तथा शर्तहरू सम्बन्धी सहमति गर्न लाई कानुनअनुसार इमानदारीपूर्वक वार्ता गर्न बाध्य हुनेछन ।

- यो कसरी काम गर्छ?

संघ (युनियन) गठन गर्ने प्रक्रिया सुरु गर्न, तपाईंले मार्गदर्शनको लागि एक संघ आयोजक (union organizer) संग सम्पर्क गर्न सक्नुहुन्छ। तपाईंले उपयुक्त संघसँग जोडिनको लागि यस मार्गनिर्देशिका को निर्देशिका (directory) खण्डमा सूचीबद्ध संगठनहरूसँग सम्पर्क गर्न सक्नुहुन्छ। त्यसपछि, आयोजकहरू तपाईं र तपाईंका सहकर्मीहरूसँग मिलेर काम गर्छन् र कम्तीमा अधिकांश कामदारहरूलाई या चुनाव (election) मार्फत वा स्वेच्छिक मान्यता (voluntary recognition) मार्फत संघमा सामेल हुन प्रेरित गर्छन्, ।यदि यो सफल भयो भने, तपाईं र तपाईंको संघले रोजगारदातासँग सामूहिक रूपमा सम्झौता (collective bargaining) गर्न सुरु गर्न सक्नेछ।

[14] यो लिंक हेर्नुहोस *https://www.dol.gov/agencies/whd/timesheet-app*

संघ गठन गर्ने तरिका बारे थप जानकारीका लागि NLRB को वेबसाइट[१५] मा जानु होस । साधारण जानकारीका लागि तपाईं (८४४-७६२-६५७२) मा फोन गर्न सक्नु हुन्छ। तपाइले बिभिन्न भाषामा भएको संघ गठन गर्ने आधारभूत चरणहरू सम्बन्धी फ्लायर र अन्य ब्रुशरहरू डाउनलोड गर्न सक्नु हुन्छ ।[१६]

यदि रोजगारदाताहरू राष्ट्रीय श्रम सम्बन्ध ऐन (NLRA) अन्तर्गत सुरक्षित रहेको संगठित हुने अधिकारहरूलाई पालना गरिरहेका छैनन् भने, तपाईं सम्बन्धित क्षेत्रीय कार्यालयमा सम्पर्क गरी अनुचित श्रम अभ्यास उजुरी (Unfair Labor Practice - ULP) दर्ता गर्न सक्नु हुन्छ। न्यू योर्क सिटीमा दुई क्षेत्रीय कार्यालयहरू छन्ः क्षेत्रीय कार्यालय ०२ (Regional Office ०२) ले म्यानह्याटन (Manhattan) र ब्रोंक्स (Bronx) क्षेत्र समेट्छ, जबकि क्षेत्रीय कार्यालय २९ (Regional Office २९) ले क्वीन्स (Queens), ब्रुकलिन (Brooklyn) र स्टेटन आइल्याण्ड (Staten Island) क्षेत्र समेट्छ।

- क्षेत्रीय कार्यालय ०२ - म्यानह्याटन, न्यू योर्क
  २६ फेडरल प्लाजा, कोठा ४१-१२०
  न्यू योर्क, NY १०२७८-०१०४
  फोनः (२१२) २६४-०३००
  फ्याक्सः (२१२) २६४-२४५०
  समयः बिहान ८:४५ देखि बेलुका ५:१५ (पूर्वी समय )

- क्षेत्रीय कार्यालय २९ - ब्रुकलिन, न्यू योर्क
  वन मेट्रोटेक सेन्टर, २०औं तलामा
  सुइट २०००, ब्रुकलिन, NY ११२०१-३९४८
  फोनः (७१८) ३३०-७७१३
  फ्याक्सः (७१८) ३३०-७५७९
  समयः बिहान ९:०० देखि बेलुका ५:३० (पूर्वी समय )

[15] यो लिंक हेर्नुहोस *https://www.nlrb.gov/guidance/key-reference-materials/steps-for-filing-a-petition*

[16] फ्लायर विभिन्न भाषाहरूमा डाउनलोड गर्न, तपाईंले वेबसाइटको माथिल्लो दायाँ कुनामा रहेको "अन्य भाषाहरू *(other languages)*" मा क्लिक गर्नुपर्छ र आफ्नो इच्छाएको भाषा चयन गर्नुपर्छ। त्यसपछि, तपाईंले हेर्न चाहेका पुस्तिकाहरु *(brochures)* चयन गर्न सक्नुहुन्छ। थप जानकारीका लागि यहाँ हेर्नुहोस् *https://www.nlrb.gov/news-publications/publications/brochures*

# संघ गठन गर्ने आधारभूत चरणहरू

राष्ट्रीय श्रम सम्बन्ध ऐन (National Labor Relations Act) अन्तर्गत, कामदारहरूले विभिन्न तरिकाबाट संघ गठन गर्न सक्छन्। तर, स्वेच्छिक मान्यता (Voluntary Recognition) र NLRB संघ निर्वाचन (NLRB Union Election) सबैभन्दा धेरै प्रयोग गरिने विधिहरू हुन्।

## स्वेच्छिक मान्यता मार्फत संघ गठन गर्ने आधारभूत चरणहरू

1. संघ आयोजकसँग सम्पर्क गर्नुहोस् वा आफ्नै संघ बनाउनुहोस्।
2. अधिकांश सहकर्मीहरूसंग संघको सदस्य बन्ने कार्ड (Union Authorization Cards) मा हस्ताक्षर गराउनुहोस ।
3. रोजगारदातासँग संघलाई स्वेच्छिक रूपमा मान्यता दिन अनुरोध गर्नुहोस्।
4. यदि रोजगारदाताले संघलाइ मान्यता दियो भने, तपाईंले वार्ता सुरु गर्न सक्नुहुन्छ।
5. यदि रोजगारदाताले मान्यता दिन अस्वीकार गर्यो भने, तपाईं NLRB मा निर्वाचनको लागि निवेदन दिन सक्नुहुन्छ वा संघको मान्यता प्राप्त गर्न हड्ताल गर्न सक्नुहुन्छ।

---

## NLRB निर्वाचन मार्फत संघ गठन गर्ने आधारभूत चरणहरू

1. संघ आयोजकसँग सम्पर्क गर्नुहोस् वा आफ्नै संघ बनाउनुहोस्।
2. कम्तीमा ३०% सहकर्मीहरूसंग संघको सदस्य बन्ने कार्ड (Union Authorization Cards) मा हस्ताक्षर गराउनुहोस।
3. NLRB मा संघ निर्वाचनको लागि निवेदन दर्ता गर्नुहोस्।
4. यदि संघले ५०% +१ मतले जित्यो भने, रोजगारदाताले कामदारहरूसँग इमानदारीका साथ कामको अवस्थाको बारेमा वार्ता गर्नुपर्छ।

थप जानकारीका लागि आफ्नो नजिकको **NLRB** क्षेत्रीय कार्यालयमा सम्पर्क गर्नुहोस्: **go.usa.gov/xt३MU**

# संस्थाहरूको सूची

## मानव अधिकार र सामाजिक न्यायका लागि अधिकार (Adhikaar For Human Rights and Social Justice)

“Adhikaar” को परिवर्तनको सिद्धान्त (theory of change) सेवाहरू प्रदान गर्नु, वकालत गर्नु र सङ्गठन गर्नु हो। सन् २००५ देखि, अधिकारले नेपाली-भाषी समुदायको जीवनस्तर सुधार गर्न र सामाजिक न्याय आन्दोलनमा हाम्रो आवाज सुन्ने सुनिश्चित गर्ने प्रतिबद्ध छ। अधिकार भन्ने अर्थ बोकेका Adhikaar महिला-नेतृत्वको समुदाय तथा श्रमिक केन्द्र हो, जसले नेपाली-भाषी समुदायलाई प्रत्यक्ष सेवा दिन्छ र कम आम्दानी भएका श्रमिक तथा प्रभावित सदस्यहरूलाई संगठित गर्दै सामाजिक न्याय र मानवअधिकारका लागि काम गर्छ। Adhikaar “अधिकारको उद्देश्य जानकारीमा पहुँच दिलाउने, सामुदायिक नेतृत्व विकास गर्ने, र सामूहिक शक्ति बढाउँदै समुदायका अधिकार, मर्यादा र समानताका लागि जित हासिल गर्नु हो। अधिकारले नेपाली-भाषी समुदायलाई नेपाल, भुटान, भारत, बर्मा र तिब्बतका वंशजहरू जसले नेपाली बोल्छन्, भनेर परिभाषित गर्दछ।

- ७१-०७ वुडसाइड एभेन्यु, वुडसाइड, NY ११३७७
- (७१८) ९३७-१११७
- info@adhikaar.org
- https://adhikaar.org/#about
- @adhikaar
- फोन कल, इमेल

## अफ्रिकन सल्लाहकार परिषद
## (African Advisory Council - AAC)

ब्रोंक्स नगर अध्यक्षको अफ्रिकन सल्लाहकार परिषद (AAC) अफ्रिकन आप्रबासी समुदायलाई हर प्रकारले सेवा प्रदान गर्ने उद्देश्य राख्छ।

- ८५१ ग्रान्ड कन्कोर्स, ब्रोंक्स, NY १०४५१
- (३४७) ३१३-५५६८
- Sidikidonzo2@yahoo.com
- इमेल, म्यासेज

---

## अफ्रिकन कम्युनिटीज टुगेदर
## (African Communities Together - ACT)

अफ्रिकन कम्युनिटीज टुगेदर (African Communities Together, ACT) अफ्रिकी आप्रवासीहरूको एक सङ्गठन हो जसले यहाँ अमेरिका र विश्वभर अफ्रिकी परिवारहरूको लागि नागरिक अधिकार, अवसर र राम्रो जीवनको लागि लड्छ। ACT ले अफ्रिकी आप्रवासीहरूलाई सामाजिक रूपमा एकीकृत हुन, आर्थिक रूपमा अगाडि बढ्न, र नागरिक रूपमा संलग्न हुन सशक्त बनाउँछ। ACT ले अफ्रिकी आप्रवासीहरूलाई महत्त्वपूर्ण सेवाहरूसँग जोड्छ, अफ्रिकीहरूलाई नेतृत्व विकास गर्न मद्दत गर्दछ, र हाम्रा समुदायहरूलाई महत्त्वपूर्ण मुद्दाहरूमा सङ्गठित गर्दछ।

- १२७ १२७औं स्ट्रीट, सुइट २२१, न्यूयोर्क, NY १००२७
- (३४७) ७४६-२२८१
- info@africans.us
- https://africans.us/
- https://www.threads.net/@africansus
- @AfricansUS
- इमेल, फोन कल, प्रत्यक्ष भेट (Walk-ins)

## अफ्रिकन सर्भिसेस कमिटी (African Services Committee)

अफ्रिकन सर्भिसेस कमिटी एक समुदाय-आधारित संस्था हो, जसले अफ्रिकी आप्रवासीहरू, शरणार्थीहरू, र शरण माग्नेहरूलाई सहयोग गर्ने उद्देश्य राख्छ।

- ४२९ W १२७औं स्ट्रीट, तेस्रो तलामा, न्यूयोर्क, NY १००२७
- (९१७) २४६-२११०
- health@africanservices.org
- https://africanservices.org/
- इमेल, फोन कल, व्हाट्सएप (WhatsApp), प्रत्यक्ष भेट (Walk-ins)

---

## साउथ एसियन अमेरिकी श्रम गठबन्धन (Alliance of South Asian American Labor - ASAAL)

ASAAL दक्षिण एसियाली कामदारहरूको न्याय, सम्मान, मर्यादा र अवसर सुनिश्चित गर्न कार्यस्थल लगायत  जीवनका सबै क्षेत्रहरूमा वकालत गर्छ।। ASAAL को चाहना दक्षिण एसियाली समुदायलाई सशक्त बनाउनु हो ताकि यसका सदस्यहरूले उनीहरूको स्वैच्छिकता, कडा परिश्रम र समर्पणबाट कमाएका स्रोतहरू प्राप्त गर्न सकून्। ASAAL चाहन्छ कि दक्षिण एसियाली अमेरिकी समुदाय अरू समुदायहरूले पहिले गरेजस्तै बढोस् र समृद्ध होस्।

- ८८-७४, १९५औं स्ट्रीट, होलिस, NY ११४२३
- (९१७) ५५८-०९६६
- Asaal08@gmail.com
- www.ASAAL.org
- @asaal08
- इमेल, म्यासेज

## APNA ब्रुकलिन कम्युनिटी सेन्टर
## (APNA Brooklyn Community Center)

APNA ब्रुकलिन कम्युनिटी सेन्टर (APNA Brooklyn Community Center) को लक्ष्य समुदायमा शिक्षा, सहभागिता, र सशक्तिकरण प्रदान गर्नु हो। सन् २०१७ मा स्थापना भएदेखि, APNA ले न्यून-आय भएका, वृद्ध, र सीमित अंग्रेजी बोल्ने समुदायका आवश्यकताहरू पूरा गर्न विभिन्न परियोजनाहरू अघि बढाएको छ। APNA दैनिक रूपमा वृद्ध नागरिकहरू, न्यून-आय भएका व्यक्ति, अपांगता भएका व्यक्ति, र भाषा अवरोधका कारण एक्लिएका समुदायका सदस्यहरूलाई सरकारी तथा सामुदायिक सेवाहरूमा पहुँच दिलाउने, संकटका बेला सहायता प्रदान गर्ने, र नगर तथा राज्य निकायहरू मार्फत लाभहरू लिन सजिलो बनाउने कार्य गर्छ। विगतका वर्षहरूमा APNA ले नगर, राज्य निकायहरू, स्थानीय सामुदायिक संस्थाहरू (CBOs), र निर्वाचित अधिकारीहरू संगको साझेदारीमा सेवा पहुँचबाट बञ्चित र प्रतिनिधित्व नपाएका समुदायहरूका लागि हकदाबी र केस व्यवस्थापन, वृद्ध नागरिक सेवा, खाद्यान्न वितरण, घरेलु हिंसा सहयोग सेवा, अध्यागमन सहायता सेवा, नागरिक सहभागिता र मतदाता दर्ता, अनुवाद तथा भाषा सेवा, प्रौढ शिक्षा र डिजिटल समावेश, युवा सहभागिता र विकास कार्यक्रम, मानसिक स्वास्थ्य तथा खेलकुद कार्यक्रम, र सामुदायिक तथा सांस्कृतिक कार्यक्रमहरू जस्ता विभिन्न कार्यक्रमहरू सफलतापूर्वक सञ्चालन, र विकास गरेको छ। APNA ब्रुकलिन शहरमा वृद्ध नागरिकहरू र घरमै बसिरहने व्यक्तिहरू को लागि जातीय खाद्यान्न(Ethnic Groceries) घरमै डेलिभरी गर्ने र  कार्यक्रम सुरु गर्ने ०२४ बाट मासिक वृद्ध नागरिक भ्रमण (Senior Trips) को आयोजना गर्ने पहिलो संस्था हो।

- २३६ नेप्च्युन एभेन्यू, दोस्रो तलामा, ब्रुकलिन, NY ११२३५
- (७१८) ६८४-८८०७
- info@apnabrooklyn.com
- www.apnabrooklyn.com
  https://www.facebook.com/Apnacenter/
- @Brooklynapna
- फोन कल, इमेल, प्रत्यक्ष भेट (Walk-ins)

## क्याथोलिक माइग्रेसन सर्भिसेस (Catholic Migration Services - CMS)

क्याथोलिक माइग्रेसन सर्भिसेस (CMS) एक गैर-नाफामूलक कानुनी सेवा प्रदायक संस्था हो, जसले न्याय र सहानुभूति प्रवर्द्धन गर्ने प्रतिबद्धता राखेको छ। सन् १९७१ मा स्थापना भएको CMS न्यू योर्क सिटीका सबैभन्दा पुराना र सम्मानित कानुनी सेवा प्रदायकहरू मध्ये एक हो। CMS ले जाति, धर्म, मूल वंश, राष्ट्रियता, वा अध्यागमन स्थिति जे जस्तो भएपनि कम आय भएका न्यू योर्कवासीहरू लाई निःशुल्क कानुनी सेवा, भाडामा बस्नेहरुलाई संगठित गर्ने , र समुदायीक कानुनी शिक्षा प्रदान गर्छ। यी सेवाहरू प्रदान गरेर, CMS ले समाजका सबैभन्दा उपेक्षित वर्गहरू लगाएत सबैका लागि समानता र सामाजिक न्यायलाई अगाडि बढाउने लक्ष्य राखेको छ।

- ४७-०१ क्वीन्स ब्ल्भड., सुइट २०३, सनसाइड, NY ११९०४
- (३४७) ४७२-३५००
- www.catholicmigration.org
- @CMSBQ
- फोन कल

## क्यारोल गार्डेन्स एसोसिएसन (Carroll Gardens Association)

क्यारोल गार्डेन्स एसोसिएसन (Carroll Gardens Association) एक कामदार केन्द्र हो जसले दक्षिणपश्चिम ब्रुकलिनका छिमेकीहरूमा सबै आय स्तरका बासिन्दाहरू र परिवारहरू बस्न, काम गर्न र फल्न-फुल्न सक्ने समुदायलाई बढावा दिनु हो। क्यारोल गार्डेन्स एसोसिएसन, इंक. (Carroll Gardens Association, Inc.) ले यो लक्ष्य , सस्तो आवासको संरक्षण र विकास गरेर, गुणस्तरीय आवास व्यवस्थापन अभ्यासहरू लागू गरेर, साना व्यवसायहरूको आर्थिक विकासलाई बढावा दिएर, र बासिन्दाहरूलाई उनीहरूको जीवनको गुणस्तर सुधार गर्न सामाजिक सेवाहरू र स्रोतहरू प्रदान गरेर र तिनीहरूसँग जोडेर पूरा गर्दछ।

- २०१ कोलम्बिया स्ट्रीट, ब्रुकलिन, NY ११२३१
- (७१८) २४३-९३०१
- domesticworkers@cganyc.org
- https://www.carrollgardensassociation.com/
- @CGA_NPC
- इमेल, फोन कल, प्रत्यक्ष भेट (Walk-ins)

## एसियन अमेरिकी महासंघ (Asian American Federation - AAF)

AAF एक वकालत गर्ने संस्था हो, जसले प्यान-एसियन अमेरिकी समुदायको प्रभाव बढाउने र उनीहरूको सुख-समृद्धि बढाउने उद्देश्य राख्छ। AAF अनुसन्धान, नीतिगत वकालत, सार्वजनिक जागरूकता, र गैर-नाफामूलक संस्थाहरूलाई सहयोग प्रदान गरि परिवर्तन ल्याउन प्रतिबद्ध छ।

- १२० वाल स्ट्रीट, न्यूयोर्क, NY १०००५
- (२१२) ३४४-५८७८
- info@aafederation.org
- https://www.aafederation.org/about-us/
- @AAFederation
- इमेल

---

## सेन्ट्रो डे रिकुर्सोस एडुकाटिभोस पारा एडुल्टोस (Centro de Recursos Educativos para Adultos - CREA)

CREA स्पेनिस भाषी वयस्क आप्रवासीहरूको शैक्षिक आवश्यकताहरू पूरा गर्न समर्पित संस्था हो। CREA ले न्युयोर्क सिटीभर २५० भन्दा बढी विद्यार्थीहरूलाई शैक्षिक अवसर प्रदान गर्छ, जसमा मध्य र दक्षिण अमेरिकी विभिन्न देशहरूबाट आएका आप्रवासी समुदायका सदस्यहरू समावेश छन्। CREA को मुख्य लक्ष्य समुदायका सदस्यहरूलाई आफ्नै मातृभाषामा औपचारिक शिक्षा सुधार गर्ने कक्षाहरू प्रदान गर्ने र अंग्रेजीलाई दोस्रो भाषाको रूपमा दक्ष बनाउने हो। यसका साथै, CREA ले विद्यार्थीहरूलाई उच्च विद्यालय समकक्षता डिप्लोमा (High School Equivalency Diploma) प्राप्त गर्न तयारी गराउने र माध्यमिक शिक्षा पछि अध्ययन जारी राख्न सहयोग गर्ने कार्य गर्छ। महत्वोपूर्ण कुरा त, CREA ले नेतृत्व विकास, व्यक्तिगत परामर्श, सामाजिक सेवाहरूमा रेफरल, र आपसी सहयोग (Peer-to-Peer) प्रदान गर्छ।

- १५८ इस्ट ११५औं स्ट्रीट, न्यूयोर्क, NY १००२९
- (९२९) २७०-७७४१
- info@creany.org
- https://www.creany.org/
- इमेल, फोन कल

## चाइनीज-अमेरिकन प्लानिङ काउन्सिल
## (Chinese-American Planning Council - CPC)

चाइनीज-अमेरिकन प्लानिङ काउन्सिल (CPC) को लक्ष्य चाइनिज-अमेरिकन, आप्रवासी, र न्यून-आय भएका समुदायहरूको सामाजिक तथा आर्थिक सशक्तिकरणलाइ बढावा दिनु हो।

मुख्य कार्यालय: ४५ सफोक स्ट्रीट, न्यूयोर्क, NY १०००२
(२१२) ९४१-०९२०

ब्रुकलिन समुदाय केन्द्र: ४१०१ ८औं एभेन्यु, चौथो तला, ब्रुकलिन, NY ११२३२
(७१८) ४९२-०४०९

क्वीन्स समुदाय केन्द्र: १३३-१४ ४१औं एभेन्यु, फलशिङ, NY ११३५५
(७१८) ३५८-८८९९

info@cpc-nyc.org

https://cpc-nyc.org/

@cpc_nyc

फोन कल

---

## कन्सोर्टियम फर वर्कर्स एजुकेशन
## (Consortium for Worker's Education - CWE)

कन्सोर्टियम फर वर्कर एजुकेशन (Consortium for Worker Education, CWE) ले शिक्षा, तालिम, बाल हेरचाह र रोजगार मिलाउने सेवाहरूमार्फत न्युयोर्क सहरका कामदारहरूलाई सशक्त बनाउँछ। NYC केन्द्रीय श्रम परिषद् (NYC Central Labor Council) को कार्यबल विकास शाखाको रूपमा, CWE ले प्रत्येक वर्ष ४० वटा श्रमिक सङ्घ र तिनीहरूको सम्बन्धित स्थानीयहरूलाई समर्थन गर्दछ। यसबाहेक,CWE ले सबै पाँच बरोहरूमा फैलिएका ५२ सामुदायिक साझेदारको सञ्जाल चलाउँछ र न्युयोर्कबासीलाई रोजगारीका लागि तयार पार्ने महत्त्वपूर्ण सेवाहरू प्रदान गर्छ।

३०५ ७औं एभेन्यु, चौथो तला, न्यूयोर्क, NY १०००१

(२१२) ६४७-१९००

info@cwe.org

https://www.cwenet.net/

@CWENYC

इमेल

## निर्माण तथा सामान्य भवन श्रमिक संघ, लोकल ७९
## (Construction and General Building, Laborers Local 79)

निर्माण तथा सामान्य भवन श्रमिक संघ, लोकल ७९ न्यु योर्क सिटीका पाँचवटा नगर क्षेत्रहरूमा कार्यरत सबैभन्दा ठू लो निर्माण श्रमिक संघ हो। लोकल ७९ सन् १९९६ मा १० वटा साना श्रमिक संघहरू गाभेर गठन गरिएको थियो। हाल लोकल ७९ मा १०,००० भन्दा बढी सक्रिय तथा अवकाशप्राप्त सदस्यहरू छन्, जसले यसलाई संयु क्त राज्य अमेरिकाको सबैभन्दा ठू लो निर्माण श्रमिक संघ बनाएको छ।

- १३१ वेस्ट ३३औं स्ट्रीट, न्यूयोर्क, NY १०००१
- (३४७) ३४४-८५७७
- agonzalez@local79.org
- https://www.local79.org/
- https://www.threads.net/@laborers79
- @local79nyc
- म्यासेज फोन कल, इमेल

---

## डामायान माइग्रान्ट वर्कर्स एशोसिएसन
## (Damayan Migrant Workers Association)

दमायान् माइग्रेन्ट वर्कर्स एसोसिएसन (Damayan Migrant Workers Association) ले ले फिलिपिनी कम्ति-तलबे कामदारहरूलाई श्रमिक तस्करीविरुद्ध लड्न, मानव/श्रम अधिकार प्रवर्द्धन गर्न, र सामाजिक न्यायका अगु वाहरू विकास गर्न संगठित गर्छ।

- ४०६ वेस्ट ४०औं स्ट्रीट, तेस्रो तला, न्यूयोर्क, NY १००१८
- (२१२) ५६४-६०५७
- contact@damayanmigrants.org
- www.damayanmigrants.org
- @DamayanMigrants
- फोन कल, प्रत्यक्ष भेट (Walk-ins), भ्वाइस सन्देश (Voice Message), इमेल

## DRUM – देशीहरू उठ्दै र अगाडि बढ्दै (Desis Rising Up & Moving)

DRUM न्यून-आय भएका दक्षिण एसियाली तथा इंडो-क्यारेबियन श्रमिकहरूलाई नीतिगत परिवर्तन, वकालत, सामाजिक सहयोग, र सेवा प्राप्तिका लागि संगठित गर्ने संस्था हो।

- ७२-१८ रुजभेल्ट एभेन्यु, ज्याक्सन हाइट्स, NY ११३७२
- (७१८) २०५-३०३६
- contact@damayanmigrants.org
- www.drumnyc.org
- @desisrisingup
- फोन कल

## ला कोलमेना (La Colmena)

ला कोलमेना एक गैर-नाफामूलक समुदाय-आधारित संस्था हो, जसले स्टेटन आइल्याण्डमा दैनिक ज्याला मजदुर, घरेलु कामदार, र अन्य न्यून-आय भएका आप्रवासी श्रमिकहरूलाई संगठित गर्ने, शिक्षा प्रदान गर्ने, सांस्कृतिक सशक्तिकरण गर्ने, र न्यायोचित आर्थिक विकासलाई प्रवर्द्धन गर्ने कार्य गर्छ।

- ७७४ पोर्ट रिचमन्ड एभेन्यु, न्यूयोर्क, NY १०३०२
- (७१८) ४४२-७७००
- info@lacolmenanyc.org
- https://www.lacolmenanyc.org/
- @lacolmenanyc
- इमेल, प्रत्यक्ष भेट (Walk-ins)

## एजुकेशनल एलायन्स (Educational Alliance - EA)

एजुकेशनल एलायन्स, न्यू योर्क सिटीको प्रारम्भिक बसोबास केन्द्रहरूमध्ये एक हो, जसको स्थापना सन् १८८९ मा तल्लो पुर्बी भागमा आएका यहुदी आप्रवासीहरूलाई शैक्षिक, सामाजिक, र सांस्कृतिक सेवा प्रदान गर्न गरिएको थियो। आज, EAले एक यहुदी संस्थाका रूपमा विभिन्न समुदायहरूसँग लोअर म्यानह्याटनभर साझेदारी गरेको छ। हामीले न्यू योर्कवासीहरूको समग्र भलाइ र सामाजिक-आर्थिक अवसरहरूको लागि उच्च-गुणस्तरीय रूपान्तरणकारी कार्यक्रमहरू चलाउछौं। जसले हाम्रो सहरको सबैलाई समृद्ध बन्न आवश्यक कुराहरू उपलब्ध गराइनु पर्छ भन्ने हाम्रो विश्वासलाई प्रतिबिम्बित गर्छ।

- १९७ इस्ट ब्रॉडवे, न्यूयोर्क, NY १०००२
- (६४६) ३९५-४२४६
- resourcecenter@edalliance.org
- https://edalliance.org/our-impact-2/asylum-seekers/
- @EdAlliance
- फोन कल, प्रत्यक्ष भेट (Walk-ins)

---

## राजमार्ग, सडक तथा गल्ली निर्माण श्रमिक संघ, लोकल यूनियन १०१० (Highway, Road & Street Construction, Laborers' Local Union 1010)

लेबरर्स÷ लोकल १०१० सन् १९३७ मा लेबरर्स÷ इन्टरनेशनल यूनियन अफ नर्थ अमेरिका (LIUNA) द्वारा स्थापना गरिएको थियो। ८७ वर्षभन्दा बढी को इतिहास बोकेको लोकल १०१० न्यु योर्क सिटीका सबैभन्दा ठूला र महत्वपूर्ण सडक तथा राजमार्ग निर्माण परियोजनाहरूमा अग्रणी भूमिका खेल्ने प्रमुख संगठनहरूमध्ये एक हो। हाल २,७०० भन्दा बढी सदस्यहरू रहेका लोकल १०१० का श्रमिकहरू न्यू योर्क सिटीभरका सडक, राजमार्ग, गल्ली, र बुलेभार्डहरूमा विशेष सीपका साथ कार्य गरिरहेका छन्।

- १७२० व्हाइटस्टोन एक्सप्रेसवे, सुइट २००, व्हाइटस्टोन, NY ११३५७
- (७१८) ८८६-३३१०
- erodriguez@local1010.org
- https://www.laborerslocal1010.com/
- @LIUNA1010
- इमेल, फोन कल

## इन्टरफेथ सेन्टर अफ न्यू योर्क
## (The Interfaith Center of New York - ICNY)

२७ वर्षभन्दा बढीको अवधिमा, इन्टरफेथ सेन्टर अफ न्यू योर्क (ICNY) ले न्यू योर्क सिटीका पाँचवटा नगर क्षेत्रहरूमा आधारभू त तहका तथा आप्रवासी धार्मिक नेताहरूको सञ्जाल निर्माण गरेको छ जु न धार्मिक रूपमा सबैभन्दा विविध र नागरिक रूपमा संलग्न छ । यसमा मु स्लिम, सिख, हिन्दू , बौद्ध, इसाई, यहु दी, अफ्रो-क्यारेबियन, र नेटिभ अमेरिकन न्यू योर्कवासीहरू जो हाम्रो सामाजिक न्याय शिविरहरूमा भाग लिएका, सामाजिक कार्यकर्ता, शिक्षक, वकिल, र NYPD अधिकारीहरूका लागि धार्मिक विविधता शिक्षा कार्यक्रममा सहभागी भएका, वा अध्यागमन र धार्मिक स्वतन्त्रताका लागि बहु-धार्मिक वकालत कार्यमा संलग्न भएकाहरु समावेश छन्, ।

सन् २०२२ देखि, ICNY ले नयाँ आप्रवासीहरूलाई समर्थन गर्ने विभिन्न धार्मिक समु दायहरूलाई साना अनु दान प्रदान गर्दै आएको छ र द्वैमासिक रूपमा भर्चुअल रूपमा भेला हु ने सिकाइ समु दाय स्थापना गरेको छ, जसमा साझा धार्मिक ग्रन्थहरूको चर्चा, प्रविधि सहायता प्रदान गर्ने र प्राप्त गर्ने, समस्या समाधान गर्ने, तथा वकालत रणनीति विकास गर्ने कार्य गरिन्छ।

- ४७५ रिभरसाइड ड्राइभ, सुइट ५४०, न्यूयोर्क, NY १०११५
- (२१२) ८७०-३५१०
- info@interfaithcenter.org
- https://interfaithcenter.org/
- @ICNY
- फोन कल, इमेल

## कोरियन कम्युनिटी सर्भिसेस अफ मेट्रोपोलिटन न्यू योर्क, इन्क. (Korean Community Services of Metropolitan New York, Inc. - KCS)

KCS एक यस्तो संसारको परिकल्पना गर्छ, जहाँ आप्रवासी समुदायहरू आफ्नो पहिचानमा आधारित रहँदै फराकिलो समाजसँग सहकार्य गरेर समग्र रूपमा राम्रो समाज निर्माण गर्न सक्षम हुन्छन्। KCS को लक्ष्य कोरियन आप्रवासीहरू र विस्तारित एसियन समुदायलाई समाजमा पूर्ण रूपमा एकीकृत गर्न, आर्थिक, स्वास्थ्य, र भाषा सम्बन्धी अवरोधहरू हटाउन, तथा स्वतन्त्र र सफल समुदायका सदस्य बन्न मद्दत गर्ने हो। यो लक्ष्य पूरा गर्न, KCS ले वृद्ध सेवा, शिक्षा, अध्यागमन सहायता, कार्यबल विकास, सार्वजनिक स्वास्थ्य, र मानसिक स्वास्थ्य जस्ता क्षेत्रहरूमा सांस्कृतिक रूपमा उपयुक्त कार्यक्रमहरू सञ्चालन गर्छ।

- २०३-०५, ३२ औं एभेन्यु, क्वीन्स, NY ११३६१
- (७१८) ९३९-६१३७
- main@kcsny.org
- https://kcsny.org/
- @kcsny
- इमेल, पाठ सन्देश (Text Message)

---

## लन्ड्री वर्कर्स सेन्टर (Laundry Workers Center)

लन्ड्री वर्कर्स सेन्टर एक समुदाय-आधारित गैर-नाफामूलक संस्था हो, जसले खाद्य सेवा, लन्ड्री, र गोदाम (Warehouse) क्षेत्रमा कार्यरत न्यून-आय भएका आप्रवासी श्रमिकहरूको जीवनयापन र कार्यस्थलका अवस्था सुधार गर्न वकालत गर्ने र नेतृत्व विकास कार्यक्रम प्रदान गर्ने कार्य संगठित प्रक्रियामार्फत गर्दछ।

- ४२ ब्रॉडवे, सुइट १२-११४, न्यूयोर्क, NY १०००४
- (८६६) ७६१-३२०७
- laundryworkerscenter@gmail.com
- www.lwcu.org
- @LWC_workers
- इमेल, फोन कल, फेसबुक DM

## लिगल एड सोसाइटी (Legal Aid Society) Society

लिगल एड सोसाइटी न्यू न-आय भएका मेहनती न्यू योर्कवासीहरूका लागि न्यायोचित तलब प्राप्त गर्ने अधिकार सुनिश्चित गर्न र समान अवसरका साथ अर्थतन्त्रमा सहभागी हुन सहयोग गर्ने संस्था हो।

- १९९ वाटर स्ट्रीट, न्यूयोर्क, NY १००३८
- (८८८) ६६३-६८८०
- https://legalaidnyc.org/what-we-do/upholding-worker-rights/
- https://www.threads.net/@legalaidnyc
- @LegalAidNYC
- फोन कल (१०:०० बिहान - ३:०० अपराह्न)

---

## मेक द रोड न्यू योर्क (Make the Road New York)

मेक द रोड न्यू योर्क समुदायका सदस्यहरूलाई अध्यागमन स्थिति, जाति, वा लैङ्गिक पहिचानको प्रवाह नगरी समर्थन र वकालत गर्ने संस्था हो। जोसुकैले शोषण र दुर्व्यवहारको व्यक्तिगत अनुभव लिएर आउँदा, उनीहरू एक्लो महसुस गर्नुपर्दैन — बरु, आफ्ना अनुभव र आवाजलाई सामूहिक रूपमा उजागर गरेर, व्यक्तिगत मात्र होइन, सम्पूर्ण प्रणाली परिवर्तन गर्ने शक्ति निर्माण गर्न सक्छन्।

- ३०१ ग्रोभ स्ट्रीट, ब्रुकलिन, NY ११२३७
- (७१८) ४१८-७६९०
- www.maketheroadny.org
- @MaketheRoadNY
- https://www.instagram.com/maketheroadny/
- फोन कल, प्रत्यक्ष भेट (Walk-ins)

## मासा (Masa)

मासा ले मेक्सिकन, मध्य अमेरिकी, र आदिवासी समुदायहरूको साक्षरता, नेतृत्व, र शक्ति अभिवृद्धि गर्न परिवारलाई केन्द्रमा राखेर समुदाय नेतृत्वद्वारा सञ्चालित एकीकृत मोडेल अपनाएको छ। मासा ले सांस्कृतिक रूपमा सम्वेदनशील शिक्षण वातावरण सिर्जना गर्छ, जसमा परिवारहरूले प्रत्यक्ष सेवा र वकालत कार्यक्रमहरूमा संलग्न भई सफलताका अवरोधहरू हटाउछन्।

- २७७० थर्ड एभेन्यू, पहिलो तलामा, ब्रोंक्स, NY १०४५५
- (६४६) ४८१-५८९०
- info@masany.org
- www.masany.org
- @masanyorg
- इमेल, फोन कल, भ्वाइस सन्देश (Voice Message), प्रत्यक्ष भेट (Walk-ins)

## युवा र परिवार सशक्तीकरणका लागि मेक्सिकन गठबन्धन (Mexican Coalition for the Empowerment of Youth and Families)

युवा र परिवार सशक्तीकरणका लागि मेक्सिकन गठबन्धन ले न्यू योर्कमा ल्याटिनो समुदायको सहयोग गर्दै आएको छ। हरेक वर्ष, हामी १८,००० भन्दा बढी परिवारहरूलाई सहायता प्रदान गर्छौं, जसमा धेरैजसो आप्रवासी र आवश्यक श्रमिकहरू रहेका छन्। हाम्रो लक्ष्य व्यक्तिगत, संस्थागत, र सामुदायिक क्षमता विकास गर्ने हो, जसले ल्याटिनो र मेक्सिकन-अमेरिकीहरूलाई अमेरिकी समाजमा नागरिक, सांस्कृतिक, र राजनीतिक रूपमा पूर्ण रूपमा एकीकृत हुन सक्षम बनाउनेछ। हामी समान अवसर प्रदान गर्ने रोजगारदाता हौं।

- ३७१ इस्ट १५०औं स्ट्रीट, ब्रोंक्स, NY १०४५५
- (९१७) ६००-१६४४
- info@coalicionmexicana.org
- https://coalicionmexicana.org/
- @CoalicionMex
- इमेल, म्यासेज, प्रत्यक्ष भेट (Walk-ins), फोन कल, WhatsApp

---

## मिक्स्टेका अर्गनाइजेसन (Mixteca Organization)

मिक्स्टेका अर्गनाइजेसन. एक समुदाय-आधारित संस्था हो, जुन सन्सेट पार्क, ब्रुकलिनमा अवस्थित छ। यसलाई २००० मा ब्रुकलिनमा वृद्धि भइरहेको मेक्सिकन र ल्याटिन अमेरिकी आप्रवासी समुदायले सामना गरिरहेका स्वास्थ्य, शिक्षा, सामाजिक तथा कानुनी समस्याहरूलाई समाधान गर्न चिन्तित समुदाय सदस्यहरूको समूहद्वारा स्थापना गरिएको थियो।

- २४५, २३औं स्ट्रीट, दोस्रो तला, ब्रुकलिन, NY ११२१५
- (७१८) ९६५-४७९५
- info@mixteca.org
- https://www.mixteca.org/
- @MixtecaOrg
- फोन कल, प्रत्यक्ष भेट (Walk-ins)

## नेशनल डोमेस्टिक वर्कर्स एलायन्स (National Domestic Workers Alliance)

राष्ट्रिय घरेलु कामदार गठबन्धन (National Domestic Workers Alliance, NDWA) को न्यु योर्क शाखाले सङ्गठन, कथा कथन (storytelling), कार्यबल विकास र नेतृत्व विकास मार्फत न्यु योर्कका घरेलु कामदारहरूको आवाज र अनुभवहरूलाई माथि उठाउँछ। हामी तपाईंको अधिकारहरू जान्नुहोस् (know your rights) तालिमहरू, चोरी भएको ज्याला फिर्ता पाउन घरेलु कामदारहरूलाई समर्थन, नेतृत्व तालिमहरू र कार्यबल विकास तालिमहरू प्रदान गर्छौं। यो शाखाले बहु जातीय, बहु भाषी सदस्यता आधार बनाउँछ र न्यु योर्कमा काला घरेलु कामदारहरूलाई सशक्त बनाउन र उनीहरूको नेतृत्व विकास गर्न We Dream in Black (WeDiB) शाखा पनि सञ्चालन गर्दछ।

- ४५ ब्रडवे, न्यूयोर्क, NY १०००६
- (६४६) ३६०-५८०६
- info@domesticworkers.org
- https://www.domesticworkers.org/
- @domesticworkers
- फोन कल, इमेल

## न्यू योर्क कम्युनिटीज फर चेन्ज (New York Communities for Change - NYCC)

न्यू योर्क कम्युनिटीज फर चेन्ज (NYCC) ले छिमेकीहरूलाई एकजुट गरी समुदायको शक्ति निर्माण गर्छ। NYCC सदस्यहरूले त्यो शक्ति प्रयोग गरेर आफ्नो जीवन र समुदाय सुधार गर्छन्। हामी प्रत्यक्ष कार्यवाही, कानुनी वकालत, र सामुदायिक संगठनमार्फत सुरक्षित र स्वस्थ न्यू योर्कका लागि लड्छौं।

- ४७० भान्डरबिल्ट, ब्रुकलिन, NY ११२३८
- (३४७) ४१०-६९१९
- info@nycommunities.org
- www.nycommunities.org
- @nychange
- इमेल, फोन कल, प्रत्यक्ष भेट (Walk-ins)

---

## NICE – न्यू इमिग्रान्ट कम्युनिटी एम्पावरमेन्ट (New Immigrant Community Empowerment)

NICE महत्वपूर्ण सेवा र स्रोतहरू प्रदान गरी श्रमिक शोषण रोक्न तथा श्रमिकहरूको सुरक्षा र अधिकारको सम्मान सुनिश्चित गर्ने काम गर्छ। सबैभन्दा महत्त्वपूर्ण कुरा, NICE ले श्रमिकहरूलाई सशक्त बनाइ समुदायका सदस्यहरूलाई असर गर्ने प्रमुख मुद्दाहरूमा एकजुट भई उनीहरूले सामना गर्ने प्रणालीगत अन्याय परिवर्तन गर्न संगठित गर्छ ।

- ७१-२९ रुजभेल्ट एभेन्यु, ज्याक्सन हाइट्स, NY ११३७२
- (७१८) २०५-१६८७
- info@nynice.org
- https://www.nynice.org/
- @NICE4Workers
- इमेल, फोन कल, प्रत्यक्ष भेट (Walk-ins)

## न्यू योर्क इमिग्रेशन कोएलिशन
## (New York Immigration Coalition - NYIC)

सन् १९८७ मा स्थापना भएदेखि, न्यू योर्क इमिग्रेशन कोएलिशन (NYIC) आप्रवासीहरू र सबै न्यू योर्कवासी, विशेष गरी न्यू न-आय भएका समुदायहरूका लागि जीवनस्तर सुधार गर्न नवीन कानुन तथा नीतिहरू अघि सार्दै एक शक्तिशाली वकालत संस्था बन्न सफल भएको छ। NYIC ले बर्षौं देखी राज्यभर सशक्त पूर्वाधार निर्माण गर्दै पाँचवटा क्षेत्रीय कार्यालयहरू स्थापना गरेको छ, जसमा न्यू योर्क सिटी, लङ्ग आईल्यान्ड, हड्सन भ्याली, क्यापिटल क्षेत्र, सेन्ट्रल न्यू योर्क, फिंगर लेक्स, र वेस्टर्न न्यू योर्क समावेश छन्। यी क्षेत्रहरूमा, NYIC का कर्मचारीहरू समुदायहरूको प्रत्यक्ष सहभागितामा विकसित स्थानीय नीतिगत कार्यसूचीहरू अघि बढाउन र प्रभाव पार्न प्रमुख सदस्य संस्थाहरू संग नजिकबाट सहकार्य गर्छन् ।

- १३१ वेस्ट ३३औं स्ट्रीट, न्यूयोर्क, NY १०००१
- (२१२) ६२७-२२२७
- info@nyic.org
- https://www.nyic.org/about-us/
- https://www.threads.net/@thenyic
- @thenyic
- इमेल, फोन कल

## नर्दर्न म्यानह्याटन कोएलिशन फर इमिग्रान्ट राइट्स (Northern Manhattan Coalition for Immigrant Rights - NMCIR)

पछिल्ला ३९ वर्षदेखि, नर्दर्न म्यानह्याटन कोएलिशन फर इमिग्रान्ट राइट्स (NMCIR) का कर्मचारीहरूले आप्रवासीहरूलाई शिक्षित गर्न, रक्षा गर्न, र सशक्त बनाउन निरन्तर कार्य गर्दै आएका छन्। कोएलिशनले शिक्षा, रोजगारी तालिम, मानसिक स्वास्थ्य सहायता, र कानुनी सेवाहरू प्रदान गर्ने समग्र दृष्टिकोण अपनाउँछ। NMCIR को कामदार केन्द्रमा, आप्रवासीहरूले निःशुल्क OSHA-३०, फल्यागिङ, स्क्याफोल्डिङ, र पेन्टिङ तालिम प्रमाणपत्र कार्यक्रमहरूमा सहभागी हुन सक्छन्, वा सम्भावित रोजगारदातासँग जडान हुन सक्छन्।

- ५०३० ब्रॉडवे, सुइट ६३९, न्यूयोर्क, NY १००३४
- (२१२) ७८१-०३५५
- info@nmcir.org
- https://nmcir.org
- @NMCIR
- इमेल

## NYCOSH - न्यू योर्क कमेटी फर अकुपेस्नल सेफ्टी एण्ड हेल्थ (New York Committee for Occupational Safety and Health)

NYCOSH ले तालिम, शिक्षा, र वकालतमार्फत कार्यस्थल, समुदाय, र वातावरणमा स्वास्थ्य तथा सुरक्षाको अवस्था सुधार गर्ने काम गर्छ।

- १४ वाल स्ट्रीट, सुइट ५ए, न्यूयोर्क, NY १०००५
- (२१२) २२७-६४४०
- https://nycosh.org/
- @NYCOSH
- फोन कल

---

## रिटेल एक्शन प्रोजेक्ट (Retail Action Project)

रिटेल एक्शन प्रोजेक्ट ले श्रमिकहरूलाई कौशल विकास गर्न र कार्यस्थलमा आफ्ना अधिकारबारे जान्न सहयोग गर्न क्यारियर तथा कार्यबल विकास कार्यक्रमहरू प्रदान गर्छ।रिटेल एक्शन प्रोजेक्टका तालिमहरू र कार्यशालाहरूमा अंग्रेजीलाई दोस्रो भाषाको रुपमा (ESL), व्यावसायिक कार्य तयारी, रिटेल कौशल, ज्याला र कामका घण्टामा श्रमिक अधिकार, स्वास्थ्य तथा सुरक्षाका तालिमहरू, साथै व्यक्तिगत विकासका विभिन्न प्रशिक्षणहरू समावेश छन्।हामी हायरिङ म्यानेजरहरू र कार्यबल संस्थाहरूसँग मिलेर रोजगार मेलाहरू (Hiring Halls) आयोजना गर्छौं।

- ३७० सेभेन्थ एभेन्यु, सुइट ५०१, न्यूयोर्क, NY १०००१
- (६४६) ४९०-५९२५
- info@retailactionproject.org
- https://www.retailactionproject.org/
- @RetailAction
- इमेल, फोन कल, पाठ सन्देश (Text Message), भ्वाइस सन्देश (Voice Message)

## साउथ ब्रोंक्स यु नाइटेड (South Bronx United, Inc.)

साउथ ब्रोंक्स यु नाइटेड ले शैक्षिक सहयोग, कलेज तयारी, मार्गदर्शन, कार्यबल विकास, अध्यागमन कानु नी सेवा, र अन्य आवश्यक सहयोगहरू प्रदान गर्छ, साथै सामाजिक परिवर्तनको माध्यमका रूपमा फु टबल प्रयोग गर्छ।

- ८१४ रिभर एभेन्यु, ब्रोंक्स, NY १०४५१
- (७१८) ४०४-९२८१
- info@southbronxunited.org
- https://southbronxunited.org/
- https://www.threads.net/@southbronxunited
- @SBronxUnited
- इमेल, फोन कल

---

## स्ट्रिट भेन्डर प्रोजेक्ट एट द अर्बन जस्टिस सेन्टर (Street Vendor Project at the Urban Justice Center - SVP)

SVP ले प्रत्यक्ष कानु नी प्रतिनिधित्व, साना व्यवसाय तालिम, संगठनात्मक समर्थन, नेतृत्व विकास, र रणनीतिक कानु नी वकालत मार्फत स्ट्रीट भेन्डरहरूलाई सशक्त बनाउने र समु दाय निर्माण गर्ने कार्य गर्छ। SVP ले स्ट्रीट भेन्डरहरूलाई व्यापार नियम तथा कानु नी आवश्यकताहरू सिकाउन अनु पालन (Compliance) सचेतना र शिक्षा कार्यक्रमहरू प्रदान गर्छ साथै आर्थिक, क्याटरिङ, र मार्केटिङ तालिमजस्ता व्यवसायिक सेवाहरू उपलब्ध गराउँछ।

- ४० रेक्टर स्ट्रीट, नवौं तला, न्यूयोर्क, NY १०००६
- (६४६) ६०२-५६७९
- svp@urbanjustice.org
- https://www.streetvendor.org/
- @vendorpower
- फोन कल, इमेल, भ्वाइस सन्देश (Voice Message)

## सनसाइड कम्युनिटी सर्भिसेस
## (Sunnyside Community Services - SCS)

सनसाइड कम्युनिटी सर्भिसेस (SCS) एक समुदाय-आधारित गैर-नाफामूलक संस्था हो, जो सबैजनालाइ तर बिशेषगरि संघर्षरत परिवारहरू र व्यक्तिहरूलाई समर्थन प्रदान गरेर उनीहरूको लक्ष्य हासिल गर्न सहयोग गर्ने विश्वासमा केन्द्रित छ। SCS ले १६,००० भन्दा बढी विभिन्न जातीय समूह र आम्दानी स्तरका व्यक्तिहरूलाई सेवा प्रदान गर्छ। यस संस्थाले क्वीन्सभर Pre K देखि कलेज र करिअर तयारी, होम केयर तथा होम हेल्थ एड तालिम, बालबालिका र परिवारहरूका लागि बीकन तथा कार्नरस्टोन सामुदायिक केन्द्रहरू, वृद्ध नागरिकहरूका लागि सेवा केन्द्र, अल्जाइमर भएका व्यक्तिहरूका लागि सामाजिक वयस्क दिवा हेरचाह, र तिनको हेरचाह गर्नेहरूका लागि शहरव्यापी सहयोग कार्यक्रमहरू सञ्चालन गर्छ। SCS ले हरेक उमेर समूहका व्यक्तिहरूलाई लक्षित गरी समुदायलाई सशक्त पार्ने उद्देश्यले विविध कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। सन् १९७४ देखि, SCS ले समाजका सबैभन्दा बढी आवश्यकतामा परेका व्यक्तिहरूलाई प्राथमिकता दिँदै जीवन समृद्ध बनाउने कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।

- ४३-३१ ३९औं स्ट्रीट, सनसाइड, NY ११९०४
- (७१८) ६८४-६१७३
- relief@scsny.org
- www.scsny.org
- https://www.threads.net/@scs4ny
- @scs4ny
- इमेल, म्यासेज , फोन कल, ह्वाट्स एप WhatsApp

## ट्रान्सनेशनल भिलेजेस नेटवर्क / रेड डे पुएब्लोस ट्रान्सनसियोनालेस (Transnational Villages Network / Red de Pueblos Trasnacionales)

रेड डे पुएब्लोस ट्रान्सनसियोनालेस न्यू योर्क सिटीमा आधारित एक समुदाय नेटवर्क हो, जुन मेक्सिकोका ग्रामीण तथा आदिवासी आप्रवासीहरूले स्थापना र नेतृत्व गरेका हुन्। यसको मुख्य उद्देश्य संस्था ट्रान्सनेशनल शिक्षा, संगठन निर्माण, वकालत, र सक्रिय सामाजिक आन्दोलनहरू सञ्चालन गरि सामाजिक, आर्थिक, र सांस्कृतिक समावेशीकरणलाई प्रवर्द्धन गर्नुका साथै आप्रवासीहरूको सम्पूर्ण अधिकारहरूको पहुँच सुनिश्चित गर्नु हो।

- ३६२ ईस्ट १४६औं स्ट्रीट, ब्रोंक्स, NY १०४५५
- (३४७) २६९-५८१२
- इमेल

---

## ट्रिनिटी चर्च वाल स्ट्रीट (Trinity Church Wall Street)

वाल स्ट्रीटको पहिलो घण्टी बज्नुअघि, स्ट्याच्यु अफ लिबर्टी न्यू योर्क हार्बरको निगरानी गर्नुअघि, र एलेक्जान्डर ह्यामिल्टनले क्रान्तिका लागि लेख्नुअघि, ट्रिनिटी चर्च न्यू योर्क सिटी र राष्ट्रकै विस्तार हुँदै गएको केन्द्रमा स्थापना गरिएको थियो।

तीन शताब्दीभन्दा बढी समयपछि पनि, ट्रिनिटी चर्च अझै न्यू योर्क सिटीका समुदायहरूलाई सेवा प्रदान गरिरहेको छ।

- ७६ ट्रिनिटी प्लेस, न्यूयोर्क, NY ११२३०
- (९१७) ५९४-६३००
- communityimpact@trinitywallstreet.org
- https://trinitywallstreet.org/
- @TrinityWallSt
- फोन कल

## वर्कर्स जस्टिस प्रोजेक्ट
## (Worker's Justice Project - WJP)

सन् २०१० मा स्थापित, वर्कर्स जस्टिस प्रोजेक्ट (WJP) न्यू योर्क सिटीको एक श्रमिक केन्द्र हो, जसले कामदारहरूलाई शिक्षित गर्ने, संगठित गर्ने, र कार्यस्थलमा राम्रो काम गर्ने वातावरणको लागि र सामाजिक न्यायका लागि लड्ने कार्य गर्छ।

१२,००० भन्दा बढी सदस्यहरू रहेको WJP ले न्यू न-आय भएका आप्रवासी श्रमिकहरूलाई संगठित गर्छ जो निर्माण, घर सफाइ, र एप-आधारित डेलिभरी उद्योगमा कार्यस्थलका मापदण्ड सुधार गर्न संघर्ष गरिरहेका छन् ।

मुख्य कार्यालयः ३६५ ब्रॉडवे, ब्रुकलिन, NY ११२११
(३४७) ८८९-६३४०

सनसेट पार्क कार्यालयः ४११२ ४थ एभेन्यु, ब्रुकलिन, NY ११२३२
(३४७) ४२२-०६६७

contactus@workersjustice.org

https://www.workersjustice.org/

https://www.threads.net/@workersjusticeproject

@workersjusticep

फोन कल, प्रत्यक्ष भेट (Walk-ins)

यो मार्गदर्शिकाको अनलाइन संस्करणमा श्रमिकहरूको विस्तृत अधिकारहरू हेर्न, यो वेबसाइट खोल्नुहोस्:

comptroller.nyc.gov/immigrant-workers-resource

वा यो QR कोड स्क्यान गर्नुहोस्।

SIGILLUM · CIVITATIS · NOVI · EBORACI

· 1625 ·



NEW YORK CITY COMPTROLLER
**BRAD LANDER**


1 Centre Street, New York, NY 10007
(212) 669-3916
www.comptroller.nyc.gov
@NYCComptroller


comptroller.nyc.gov/
immigrant-workers-resource